# पोखरा विश्वविद्यालय
## व्यवस्थापन अध्ययन संकाय
## स्नातकोत्तर तहका कार्यक्रमहरुमा (२०२३ मार्च सेसनको)
## छात्रवृत्ति सम्बन्धि विस्तृत जानकारी
## (उम्मेदवारहरुले आवेदन अनलाईन भर्नुपर्ने छ)

(प्रथमपटक प्रकाशित मिति २०७९/१२/०२ गते विहिबार कान्तिपुर राष्ट्रिय दैनिक)

पोखरा विश्वविद्यालय व्यवस्थापन अध्ययन संकाय अन्तर्गतका आङ्गिक (२०% छात्रवृत्ति) तथा सम्बन्धन प्राप्त (१०% छात्रवृत्ति) कलेज तथा महाविद्यालयहरुमा सञ्चालित स्नातकोत्तरतहको कार्यक्रमहरुमा आगामी मार्च सेसन, २०२३ को भर्नाकालागि पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ का आधारमा निःशुल्क छात्रवृत्तिकोलागि खुल्ला प्रतियोगिताबाट उम्मेदवारहरु छनौंट गर्नुपर्ने भएकोले दरखास्त आव्हान गरिएको छ। छात्रवृत्ति सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसइइ वा एसएलसी उत्तिर्ण गरेका विद्यार्थीहरुलाई आधारभुत रुपमा लक्षित गरिएको छ। सार्वजनिक विद्यालय तथा संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका उम्मेदवारहरु पनि शसर्त प्रतियोगितामा सामेल हुनसक्नेछन्।

**१. छात्रवृत्तिको प्रकारः-**

**क)** खुल्ला छात्रवृत्ति **ख)** स्थानिय छात्रवृत्ति **ग)** दलित छात्रवृत्ति **घ)** जनजाति छात्रवृत्ति **ङ)** दुर्गम छात्रवृत्ति **च)** अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति **छ)** शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज)** मधेसी समुदाय छात्रवृत्ति।

प्राप्त हुने सिट संख्या मध्ये शिक्षक तथा कर्मचारी सन्तती र स्थानिय छात्रवृत्ति बाहेक ६० प्रतिशत खुल्ला र ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदाय छात्रवृत्तिको लागि सुरक्षित गरिएको छ। महिलाहरुको लागि खुल्ला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५०/५० प्रतिशत सिट आरक्षण गरिएको छ।

पोखरा विश्वविद्यालयको छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ अनुसार विश्वविद्यालयलाई प्राप्त हुन जाने निःशुल्क छात्रवृत्ति कोटामा सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेका विद्यार्थीहरु मध्ये छात्रवृत्ति छनौंट समितिले संचालन गरेको छनौंट प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा समावेश भएका सफल उम्मेदवारहरुलाई नियमानुसार अध्ययन गर्ने कार्यक्रम र शैक्षिक संस्था छनौंट सम्बन्धि अनुसूचि फाराम भराई तेस्रो चरण (Third Awarded List) सम्म छात्रवृत्ति वितरण गरिनेछ। यसरी वितरण गरिसकेपछि पनि कोटा रिक्त रहेमा सार्वजनिक तथा संस्थागत विद्यालयमा अध्ययन गरी एसईई. वा एसएलसी उत्तीर्ण गरेका योग्यताक्रम सूचिमा समावेश भएका विद्यार्थीहरुबाट प्राप्त हुन आएको अनुसूचि फारामका आधारमा नियमानुसार खुल्ला छात्रवृत्ति सरह चौथो चरण (Fourth Awarded List) को छात्रवृत्ति वितरण गरिनेछ। साथै संस्थागत विद्यालयमा अध्ययन गरी एसईई. वा एसएलसी उत्तीर्ण गरेका आवेदक विद्यार्थीहरुले कुनै पनि प्रकारका सिफारीस पत्र पेश गर्नुपर्ने छैन। सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेका आवेदक बिद्यार्थीहरुले खुल्ला छात्रवृत्ति, स्थानिय छात्रवृत्ति, दलित छात्रवृत्ति, जनजाति छात्रवृत्ति, दुर्गम छात्रवृत्ति, अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति र मधेसी समुदाय छात्रवृत्तिमा आवेदन गर्दा अनिवार्य रुपमा संलग्न बमोजिमको अनुसूचि-२ अनुसारको ढाँचामा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेको पुष्टी हुने कागजात पेश गर्नुपर्ने छ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रम र कोटाः**

**२.१ छात्रवृत्ति कोटा सम्बन्धी जानकारी**

| S.N. | Program | Quota |
|---|---|---|
| 1. | Master of Business Administration (MBA) | 36 |
| 2. | Master of Business Administration in Global Business (MBA-Global Business) | 3 |
| 3. | Master of Business Administration in Finance ( MBA-Finance) | 6 |
| 4. | Master of Health Care Management (MHCM) | 3 |
| 5. | Master of Computer Information System (MCIS) | 3 |
| | **Total** | **51** |

**नोटः माथि उल्लेखित कोटाहरुमा थपघट पनि हुनसक्नेछ।**

**२.२ दरखास्त दस्तुर सम्बन्धी जानकारी**

**अनलाइन फाराम भर्ने उम्मेदवारहरुले यो बैंक र बैंकको खातामा तोकिएको रकम जम्मा गर्नुहोला।**

| | |
|---|---|
| Account Holder's Name: **Faculty of Management Studies, PU** | Bank: **Kamana Sewa Bikas Bank Ltd.** |
| Account Number: **01700300212317000001** | **Branch: Dhungepatan, Pokhara** |

**नोटः** :स्नातकोत्तर तहको माथि उल्लेखित छात्रवृत्ति कार्यक्रमहरुमा आवेदन दिनकोलागि सबै उम्मेदवारहरुले MBA, MBA-Global Business and MBA-Finance को आवेदन शुल्क रु.२०००।-(अक्षेरुपी दुइहजार मात्र), MHCM को आवेदन शुल्क रु.२०००।-(अक्षेरुपी दुइहजार मात्र) र MCIS को आवेदन शुल्क रु.२०००।-(अक्षेरुपी दुइहजार मात्र) बुझाउनुपर्ने छ। दरखास्त दस्तुर **व्यवस्थापन अध्ययन संकाय, पोवि** को नाममा **कामना सेवा विकास बैंक लि. ढुङ्गेपाटन शाखा** मा रहेको खाता नं.

०१७००३००२१२३१७००००००१ मा जम्मा गरी रकम जम्मा गरेको **सक्कल भौचरमा** अनिवार्य रूपमा Transaction ID राखी भौचर स्क्यान गरी Scholarship Apply गर्दा दरखास्त फाराम सँगै अनलाईन पेस गर्नुपर्नेछ । Transaction ID बैंक भौचरमा बैंकले राखिदिने छ । Transaction ID बैंकले उल्लेख गरेको छ छैन भन्ने कुरा सम्बन्धित उम्मेदवारहरुले बैंक भौचरको प्रतिलिपि लिदा अनिवार्य चेक गर्नुपर्नेछ । Phone Pay or e-Sewa मार्फत पनि तोकिएको दरखास्त दस्तुर भुक्तानी गर्न सकिनेछ । e-Sewa मार्फत भुक्तानी गर्दा Phone Pay optional लाई नै चुज गरेर गर्नुपर्ने छ । भुक्तानी गरेको रकमको स्क्यान भौचर वा स्क्रीनसट Scholarship Apply गर्दा समावेश गरिएको हुनुपर्नेछ । साथै Transaction ID पनि अनिवार्य उल्लेख गरेको हुनुपर्नेछ । अन्यथा Scholarship Apply गरेको अनलाईन फाराम रद्ध हुनेछ ।

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यता:**

छात्रवृत्ति दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

**Eligibility:**

**For MBA Program** : Applicants must have a bachelor's degree or equivalent with 15 years of formal education (12 years of schooling and three years of graduation) in any discipline with *minimum CGPA 2.0, second division or 45%* in bachelor's level. In addition, applicants applying for Executive MBA must have a minimum of two-year's work experience at the supervisory or executive level in the organized sector.

**For MCIS Program**: Candidates having bachelor's degree – BIT/BCA/BCIS/BIM/BBIS or equivalent with 2.5/4 CGPA (in second division) or above.

**For MHCM Program**: Applicant must have (a minimum of 15 years formal education: 12 years of schooling plus 3 years of graduation) BHCM degree or Post Graduate Diploma in HCM or Bachelor degree in health science field or equivalent degree with 2.5/4 CGPA (in second division) or above.

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) स्नातकोत्तर तहमा आवेदन दिनकोलागि स्नातक तह वा सो सरहको मान्यता प्राप्त शैक्षिक संस्थाबाट उत्तीर्ण भएको मितिले ३ वर्ष भन्दा बढी अवधि (शैक्षिक प्रमाण पत्रमा उल्लेख भएको completion date बाट छात्रवृत्तिको सूचनामा उल्लेख गरिएको दरखास्त लगाउने अन्तिम दिनसम्म) नपुगेकाले मात्र दरखास्त पेश गर्न सक्नेछन् । तर शैक्षिक प्रमाण पत्रमा completion date (Year-Month-Date) प्रष्ट नखुलेको अवस्थामा सम्बन्धित परीक्षाबोर्ड/परीक्षा नियन्त्रण कार्यालयले नै completion date (Year-Month-Date) खुलाएको प्रमाणित कपी सम्वन्धित उम्मेदवारले अनिवार्य दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

(ग) स्नातकोत्तर तह MBA, MBA-Global Business and MBA-Finance मा आवेदन दिनकोलागि स्नातक तहमा **कम्तिमा दोस्रो श्रेणीमा उत्तिर्ण** गरेको हुनुपर्नेछ वा **न्युनतम सिजिपिए २.०** (कम्तिमा दोस्रो श्रेणी) हुनुपर्नेछ ।

(घ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम जिल्ला/क्षेत्र भनि तोकेको (अछाम, कालिकोट,जाजरकोट,जुम्ला, डोल्पा,बझाङ, बाजुरा, मुगु र हुम्ला) जिल्ला/क्षेत्र मा स्थायी बसोबास गरी सोही जिल्ला/क्षेत्र को सार्वजनिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनगरी प्रवेशिका परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ । स्थायी बसोबासको सिफारिस पनि सम्बन्धित स्थानिय तहबाट हुनुपर्नेछ ।

(ङ) दलित आरक्षण सिटको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित स्थानिय तहबाट ⁄ जनजातिका लागि आदिवासी ⁄ जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा वा सम्बन्धित स्थानिय तहबाट । अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग संघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, जन आन्दोलनको घाइते वा निजको सन्ततिको र शहीद परिवारका छोराछोरीको हकमा समेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट । मधेशी आरक्षण सीटका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भए अनुसारको जातिहरु हुनुपर्नेछ ।

(च) स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरु पोखरा महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने नागरिक हुनुपर्नेछ र यो छात्रवृत्ती प्राप्त गर्नेले पोखरा विश्वविद्यालयको आंगिक स्कुल, स्कूल अफ् बिजनेसको MBA मा अध्ययन गर्नुपर्नेछ । विश्वविद्यालयको निर्णय अनुसार यस स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरु मध्ये सबैभन्दा उच्च अंक प्राप्त गर्ने उम्मेदवारलाई स्थानिय छात्रवृत्तीका लागि छनोट गरिनेछ र अन्य उम्मेदवारहरुका हकमा निजहरुको मेरिट अंकका आधारमा नियमानुसार खुल्ला छात्रवृत्तीमा समावेश गरिनेछ ।

(छ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ । साथै आवेदकले आफ्ना अभिभावक पो.वि. सेवामा कार्यरत रहेको परिचय खुल्ने परिचय पत्रको फोटोकपी, अभिभावक कार्यरत सम्बन्धित कार्यालयको सिफारिस पत्र र पो.वि. सेवामा कार्यरत अभिभावक सँगको नाता खुल्ने नाता प्रमाणित प्रमाणपत्र स्थानिय तहबाट सिफारिस भएको कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**४.उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

४.१ सावर्जनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेका सबै उम्मेदवारहरुले अनलाईन दरखास्त साथ देहायका कागजातहरु स्क्यान गरी पेशगर्नु पर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,

(ग) सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेको भनि उम्मेदवार आफैले हस्ताक्षर गरेको अनुसूचि-२ को फाराममा एसईई वा एसएलसी उत्तिर्ण गरेको सम्बन्धित विद्यालयको प्रधानाध्यापकले र सम्बन्धित स्थानिय निकायको शिक्षा हेर्ने प्रमुखले हस्ताक्षर गरेको सिफारिस पत्र,

(घ) स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरुले पोखरा महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको सम्बन्धित स्थानिय तहबाट उपलब्ध गराएको सक्कल सिफारिस पत्र,

(ङ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको सम्बन्धित जिल्ला समन्वय समिति वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा सम्बन्धित स्थानिय तहबाट उपलब्ध गराएको सक्कल सिफारिस पत्र,

(च) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्र,

(छ) स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्र,

(ज) विदेशी शिक्षण संस्थाहरुबाट अध्ययन सम्पन्न गरेका उम्मेदवारहरुका लागी अनिवार्य समकक्षताको प्रमाणपत्र,

(झ) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनि उपलब्ध गराएको प्रमाणपत्र,

(ञ) जनजातिले आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित स्थानिय तहबाट आदिवासी/जनजाती भनि उपलब्ध गराएको प्रमाणपत्र,

(ट) दलितले दलित राष्ट्रिय आयोग वा सम्बन्धित स्थानिय तहबाट दलित जाती भनि उपलब्ध गराएको प्रमाणपत्र,

(ठ) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी जाती भनि उपलब्ध गराएको प्रमाणपत्र,

(ड) वेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाइते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रमाणपत्र,

४.२ संस्थागत वा निजी विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेका सबै उम्मेदवारहरुले अनलाईन दरखास्त साथ देहायका कागजातहरु स्क्यान गरी पेशगर्नु पर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्र,

(घ) स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्र,

(ङ) विदेशी शिक्षण संस्थाहरुबाट अध्ययन सम्पन्न गरेका उम्मेदवारहरुका लागी अनिवार्य समकक्षताको प्रमाणपत्र,

५. **https://scholarship.pu.edu.np/** बाट Online Form भर्न सकिनेछ ।

**६. अनलाइन दरखास्त फाराम भर्ने मिति** : २०७९/१२/०२ गते विहिबारदेखि (March 16, 2023)
**७. अनलाइन दरखास्त दिने अन्तिम मिति** : २०७९/१२/१७ गते शुक्रबार बेलुका ४:०० बजेसम्म (March 31, 2023)
**८. प्रवेशपत्र अनलाईन प्रिन्ट गर्ने मिति** : २०७९/१२/१९ र २० गते
**९.परीक्षा हुने मिति** : २०७९/१२/२१ गते मंगलबार विहान ८:०० बजेदेखि ११:०० बजेसम्म (April 4, 2023)
**१०.परीक्षाको किसिम** : लिखित (वस्तुगत)
**११.लिखित परीक्षाको समय** : ३ घण्टा ।
**१२.परीक्षा केन्द्र** : पोखरा विश्वविद्यालय स्कूल अफ विजनेसको प्राज्ञिक भवन, पोखरा-३०, खुदी, ढुङ्गेपाटन, कास्की ।
**१३.लिखित परिक्षा लिईने विषयहरु** : (अ) भरवल एविलिटी-४० अङ्क (आ) क्वान्टीटेटिभ् एविलिटी-४० अङ्क (इ) लजिकल रिजनिङ्ग -४० अङ्क र (ई) जनरल अवेरनेस-३० अङ्कको परीक्षा दिनु पर्नेछ ।

<u>सम्पर्कको लागि</u>

व्यवस्थापन अध्ययन संकाय, पोखरा विश्वविद्यालय, पोखरा -३०, ढुङ्गेपाटन कास्की, फोनः०६१-५०४०७६ इमेलः fmsadmin@pu.edu.np

**स्नातकोत्तर तह छात्रवृत्ति छनौंट समिति, २०७९**
**पोखरा विश्वविद्यालय**
**पोखरा -३०, कास्की ।**